# १० परमेश्वरको अनन्तको सुसमाचार

*__यस अध्यायका मूल पदहरू:__* प्रकाश १४:६-१२, मत्ती २४:१४, उपदेशक १२:१३,१४, प्रस्थान २०:२-११, यशैया २१:९ र यशैया ३४:८-१०।

*__यस अध्यायको मूल सार पद:__* **"परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूको विश्वास हुने सन्तहरूको धैर्यता यसैमा छ" (प्रकाश १४:१२)।**

**(अधिकांस अनुवादहरूमा येशूको विश्वास भनिएको छ अर्थात् जुन विश्वास येशूमा थियो त्यो विश्वास उहाँका भक्तहरूमा हुनुपर्छ। तर नेपाली अनुवादमा येशूमाथि विश्वास भनिएको छ। येशूमाथिको विश्वास र येशूको विश्वास भन्ने मर्म केही हदमा फरक देखिएकोले यस अनुवादकले येशूको विश्वास भन्ने अनुवादलाई कायम गर्दछ-अनुवादकको व्यक्तिगत मन्तव्य)।**

युगको अन्तमा शैतानले मानिसहरूलाई भ्रममा पार्न यति सफल हुन्छ कि तिनीहरूले पशु वा शैतानको प्रतिनिधित्व गर्नेलाई ढोग्नेछन् र पशुको छाप पाउनेछन् भनेर प्रकाशको पुस्तकले देखाउँदछ। यद्यपि प्रकाश १४:१-५ले यो पनि हामीलाई भन्दछ कि परमेश्वरका अल्प वा थोरै विश्वासीहरू हुनेछन् जो ठूलो इसाई समूदायबाट अलग हुनेछन् जसले परमेश्वरप्रति कटिबद्धभएर उहाँको वचन अनुसार चल्नेछन् जब संसार र कतिपय इसाईहरूले प्रभुप्रति गर्नुपर्ने आदर गर्न अस्वीकार गर्दछन्। अन्तमा आएर मानिसहरूले आराधना गर्नुपर्ने निर्णय गर्नैपर्ने हुन्छ-सबैले कुनै न कुनैको आराधना गर्छन नै तर सृष्टिकर्ता परमेश्वरको आराधना कि सृष्टि गरिएको जीव अर्थात् शैतान- दुई मध्ये एकलाई रोज्नुपर्नेहुन्छ। पशु वा शैतानको आराधना गर्ने मानिसहरूले हातमा कि निधारमा छाप पाउनेछन्। त्यो छाप त्यो प्रतीकको रूपमा हो कि तिनीहरूले परमेश्वरको वचनलाई नमानेर उहाँको विद्रोहीको प्रणालीलाई आफ्नो कामद्वारा र सोचद्वारा सेवा गर्ने निर्णय गर्छन्।

फेरि त्यसैवखत सारा संसारले सुसमाचारको घोषणा जोरकातोरले गरिएको सबैले देख्नेछन्। पेन्टिकोस्टपछि यस्तो कहिल्यै पनि भएको थिएन। पापलाई रोज्ने, विद्रोही, दुष्ट मानव जातिमाथि परमेश्वरको न्याय खन्याउनुभन्दा पहिले, चेतावनी स्वरुप उहाँले प्रत्येक राष्ट्र, जाति, भाषा र मानिसलाई उहाँतिर फर्कन सन्देश दिइनेछ (प्रकाश १३:६)। यस संसारमा जन्मिने कोही मानिस

पनि नाश होस् भन्ने परमेश्वरको चाहना होइन। सारा मानिस जातको निम्ति येशू मर्नुभएकोले तिनीहरू सबैले मुक्ति पाउन भन्ने परमेश्वरको भित्री चाहना हो। उहाँले उपलब्ध गराउनुभएको मुक्तिको योजनालाई मान्ने कि नमान्ने भन्ने आत्मनिर्णयको अधिकार प्रत्येक मानिसलाई नै सुम्पिएको छ। कसैले कसैको व्यक्तिगत निर्णयको विरुद्धमा मुक्तिलाई उपलब्ध गराइनेछैन (अर्थात् लोक भाषा अनुसार कसैले कसैलाई कन्भर्ट वा इसाई बनाउन सक्दैन। येशू आफैले पनि यहूदालाई इसाई बनाउनुभएन। अनन्त जीवन व्यक्तिगत निर्णय हो सामूहिक वा कसैको व्यक्तिगत दवावबाट होइन-अनुवादकको मन्तव्य)।

## १. तिन स्वर्गदूतहरूका सन्देशहरू

सारा संसारलाई परमेश्वरले चेतावनी स्वरुप विशेष सन्देशहरू दिनुहुनेछ। यो सन्देश दिने काममा आकाशमा उडिरहेका तिन स्वर्गदूतहरू लाग्नेछन्। तिनीहरूले ठूलो आवाजहरू निकालेर मानिसहरूलाई चेतावनी दिनेछन्। ती स्वर्गदूतहरू प्रतीकको रूपमा लिइएको छ जुन् युगको अन्तमा परिचालित गरिनेछ। ग्रीक भाषामा स्वर्गदूत वा आन्जेलोजको ( angelos) अर्थ “सन्देशवाहक वा समाचार दिने व्यक्ति" हो। अन्तको समयमा परमेश्वरका वचनहरू संसारलाई दिने उहाँका भक्तहरूलाई तिन स्वर्गदूतहरूको चित्रण गरिएको प्रकाशको पुस्तकले आभास् दिन्छ।

**प्रकाश १४:६मा भनिएको छ " ६ यसपछि मैले आकाशमा उडिरहेको अर्को एक स्वर्गदूत देखें। सबै जाति, कुल, भाषा र देशका मानिसहरूलाई सुनाउन तिनी अनन्तको सुसमाचार लिएर आउँदै थिए।" (कुनै-कुनै नेपाली अनुवादमा अनन्त शब्द निकालिएको छ। तर विभिन्न अङ्ग्रेजी अनुवादहरूमा यो शब्द कायमै रहेको छ-अनुवादकको टिप्पणी)। प्रथम स्वर्गदूतको सन्देशलाई “अनन्तको सुसमाचार" भनेर सम्बोधन गरिएको छ। “अनन्तको सुसमाचार" भन्दा प्रथम् स्वर्गदूतद्वारा के भन्न खोजिएको हो र त्यसको लक्ष्य के हो भनेर हामीलाई बुझाउन खोजिएको हो? हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले हामीहरूको विश्वासको केन्द्रविन्दु यो सन्देश किन हुन पुगेको छ? मत्ती २४:१४ पनि हेर्नुहोस् “ सबै जातिका मानिसहरूलाई साक्षी होस् भनेर पहिले परमेश्वरको राज्यको सुसमाचार संसारभरि सुनाइनेछ। त्यसपछि संसारको अन्त हुनेछ।"**

यस संसारमा न्यायको समय आइपुगेको छ भनेर सुसमाचार घोषणा गर्ने पहिलो स्वर्गदूतको काम थियो। सुसमाचार शब्द आफै पनि परमेश्वरको बारेमा हामीलाई दिइने खुशीको खबर हो। येशू ख्रीष्टप्रति विश्वास राख्ने र उहाँको काममा भरपर्ने आधारमा मानिसहरूलाई परमेश्वरले मुक्ति दिनुहुन्छ भन्ने खबर असल खबर हो। सुसमाचार “अनन्तको" हो किनभने परमेश्वर कहिल्यै पनि बदलिनुहुन्न। यस संसारको सृष्टिभन्दा अघि, हामीहरूको अस्तित्व हुनुभन्दा अघि र पाप भित्रिनुभन्दा अघि नै मुक्तिको योजना बनाइएको थियो (२ तिमोथी १:९ “ परमेश्वरले नै हामीलाई बचाएर आफ्नै मानिस बनाउनलाई बोलाउनुभयो। हामीले गरेका कामले होइन तर उहाँका आफ्नै विचारले र अनुग्रहले परमेश्वरले हामीलाई आफ्नो पार्नलाई बचाएर बोलाउनुभयो। सृष्टिभन्दा अघि नै हामीलाई ख्रीष्ट येशूले यो अनुग्रह दिनुभएको हो।" र तितस १:२,३ “ २ यो सत्यचाहिँ अजम्मरी जीवनको आशामा अडिएको छ। कहिले पनि झूटो नबोल्ने परमेश्वरले सृष्टि हुनुभन्दा अघि नै हामीलाई यो जीवन दिन्छु भनेर प्रतिज्ञा गर्नुभएको थियो। ३ अनि ठीक समयमा नै उहाँले यो आफ्नो सुसमाचारमा प्रकट गर्नुभयो। यही सुसमाचार सुनाउने जिम्मा हामीलाई मुक्ति दिनुहुने परमेश्वरको हुकुमअनुसार मलाई दिइयो" )। प्रथम स्वर्गदूतको सन्देशमा परमेश्वरको न्याय र मुक्ति समावेश भएको छ। जसले परमेश्वरको महिमा गर्दछ र उहाँ सृष्टिकर्ता हुनुहुन्छ भनेर जसले उहाँकोमात्रै उपासना गर्दछ त्यसको लागि सुसमाचार असल समाचार हो। तर जसले परमेश्वर सृष्टिकर्तालाई अस्वीकार गर्दछ र उहाँ नै सृष्टिकर्ता हुनुहुन्छ भनेर ठोकुवा दिने हप्ताको सातौं दिन साबथलाई वेवास्ता गर्छ उसको निम्ति न्यायको चेतावनी हो।

तिन स्वर्गदूतहरूले ठूलो स्वरले सन्देश घोषणा गरे भनेर उल्लेख गरिएको छ (प्रकाश १४:७,९)। यसको अर्थ ती सन्देशहरू अत्यन्तै महत्त्वपूर्ण र छिटो फैलाउनुपर्दछ। प्रत्येक मानिसको अनन्त भविष्यको निर्धारणसँग चासो भएकोले ती सन्देशहरू सबैले सुन्नु आवश्यक छ। प्रत्येक राष्ट्र, जाति, भाषा, कूल र मानिसहरूलाई यो सुसमाचार सुनाउनै पर्छ। तिनीहरूलाई पहिल्याएको अनन्त जीवन रोज्ने कि अनन्त मृत्यु अर्थात् अनन्तसम्म अस्तित्वविहीन हुने निर्णय गर्ने अधिकार तिनीहरूको जन्मसिद्ध अधिकार हो। यो अवसर सबैले पाउनुपर्छ। यो सन्देश सुन्न विशेष धेरै महत्त्वपूर्ण छ किनकि समयको अन्तमा पशुले प्रत्येक जात, कुल, भाषा र

राष्ट्रमा (प्रकाश १३:७) आफ्नो अधिकार जमाउन खोज्नेछ। शैतानको विश्वव्यापी छलि कार्यक्रमलाई विश्वभरि सुनाउने सुसमाचारले प्रत्याक्रमण गर्नेछ।

हो, परमेश्वरका जनहरूले सुनाउने तिन स्वर्गदूतहरूको सन्देशले युगको अन्तमा हुने शैतान र उसका मतियारहरूले फैलाउने चालबाजी विरुद्ध प्रत्याक्रमण गर्नेछ। शैतानका औजारहरू अजिङ्गर जो सृष्टि वा मूर्तिपूजा र अनेकौं अलौकिक क्रियाकलापद्वारा मानिसहरूलाई भुलाउने शक्तिको प्रतीक, समुद्रबाट निस्केको पशु जसले रोमन क्याथोलिक धर्मको चित्रण गर्दछ, र झुटा इसाई धर्मगुरुहरू जुन थुमाको जस्तो रूपलाई चित्रण गर्दछ जो खास गरेर परमेश्वरको वचनबाट अलग हुने सुधारवादी वा प्रोटेस्टेन्ट इसाईहरू हुन (प्रकाश १३)। तिनीहरू छैटौं महामारीको समयभरि सक्रिय हुनेछन् (प्रकाश १६:१३,१४)। यस्तो गर्दा सारा संसारको सामु दुई प्रतिद्वन्द्वी सन्देशहरू प्रस्तुत गरिनेछ। दुवै शक्तिले-परमेश्वर र शैतान-यस संसारमा भएका मानिसहरूलाई आफूतिर बफादारि हुन दिन प्रयास गरिनेछ।

**हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएको हैसियतले तिन स्वर्गदूतहरूमा भएको अनन्तका सत्यहरू भएका विषयबस्तुलाई सारा संसारमा सुनाउन हामीहरूलाई आह्वान गरिएको छ। यसको निम्ति तपाईं आफैले के गरिरहनुभएको छ? अझ तपाईं बढी के गर्न सक्नुहुन्छ?**

## २. प्रथम स्वर्गदूतको सन्देशः भाग १

**प्रकाश १४:७मा “तिनले ठूलो सोरले भने, "परमेश्वरको डर मान र उहाँको प्रशंसा गर किनभने उहाँले मानिस जातिको न्याय गर्ने बेला आइसकेको छ। आकाश, पृथ्वी, समुद्र र सब पानीका मूलहरू बनाउनुहुने परमेश्वरलाई मान-आदर देओ।" र उपदेशक १२:१३मा उल्लेख गरिएको छ “यी सबै कुरा सुन्यौ, अब एउटै कुरा मात्र भन्नु छ; परमेश्वरको भय मान र उहाँका आज्ञापालन गर किनभने त्यति गर्नलाई मात्र मानिसको सृष्टि गरिएको हो।" परमेश्वरको डर वा भय मान्नु भनेको के हो? परमेश्वरको भय मान्नु पर्ने धारणासँग सुसमाचारको सम्बन्ध के छ? परमेश्वरको दश आज्ञाहरू पालन गर्नमा सुसमाचारसँग के सरोकार छ? (हेर्नुहोस्, रोमी ७:७-१३ “७ त्यसो भए हामीले के भन्ने? के व्यवस्थाले नै पाप ल्याएको हो त? कहाँ हुन्थ्यो, होइन। व्यवस्था नभएको भए त मैले पापै चिन्नेथिइनँ किनभने मलाई व्यवस्थाले लोभ नगर्नू भनेर**

नबताएको भए मैले लोभ गर्नुहुँदैन भनेर थाहै पाउनेथिइनँ। ८ यस नियमले नगर्नू भनेको कुरा गर्दा कसो होला भनी पापले मौका छोपेर मभित्र लोभ उत्पन्न गरायो किनभने व्यवस्था नहुँदा पाप मुर्दाजस्तै हुन्छ। ९ कुनै समय मसँग व्यवस्था थिएन, व्यवस्था पाउनासाथ मैले पाप चिनें। १० यसैले गर्दा मैले मर्नुपर्छ भनेर थाहा पाएँ। जीवन ल्याउनुपर्ने व्यवस्थाले त मेरो लागि मृत्यु पो ल्यायो ११ किनभने पापले धार्मिक आज्ञाको मौका छोपेर मलाई छक्यायो। यसरी पापले धार्मिक आज्ञालाई हतियार बनाएर मलाई मार्‍यो।१२ व्यवस्था आफैं नै पवित्र छ अनि धार्मिक आज्ञा पनि पवित्र, न्यायी र असल छ।१३ त्यसो हुँदा के यस्तो असल व्यवस्थाले मलाई नै मार्‍यो त? यसले होइन तर पापले पो मलाई मारेको हो। असल हतियार चलाएर पापले आफ्नो साँचो रूप देखाउन मलाई मार्‍यो। यसैकारण व्यवस्थाको हतियार चलाएर पाप अझ डरलाग्दो दुष्ट भयो।" परमेश्वरको डर वा भय मान्नु र उहाँको महिमा गर्नुसँग के सम्बन्ध छ?

“परमेश्वरको भय मान्नु (वा आदर गर) र उहाँलाई महिमा देऊ" (प्रकाश १४:७) भन्ने आह्वान अनन्तको सुसमाचारको परिवेशमा घोषणा गरिएको हो। जब हामीले हामीहरूको पापको निम्ति येशूले के गर्नुभयो सो महसुस गर्‍यौं भने त्यसको परिणामबाट उहाँप्रति भावविभोर भएर सकारात्मक प्रतिक्रिया दिनसक्नेहुन्छौं। परमेश्वरको डर मान्नु र उहाँको महिमा गर्नु भन्ने कुरा बाइबलमा घनिष्ठ सम्बन्धित रहेको पाउँछौं (भजन २२:२३ “हे परमप्रभुका सेवकहरू हो, उहाँको प्रशंसा गर! हे याकूबका सन्तानहरू हो, उहाँको आदर गर! हे इस्राएलीहरू हो, उहाँको आराधना गर!", प्रकाश १५:४ “४ सबैले तपाईंको डर मान्नेछन्। तपाईंको महान्‌ताको घोषणा सबैले गर्नेछन्। तपाईं मात्र पवित्र हुनुहुन्छ। सबै जातिहरूले तपाईंकहाँ आएर मान-आदर गर्नेछन् किनभने अब तपाईंका ठीक विचार र न्यायहरू सबैले देखेका छन्")। परमेश्वरप्रति आदर वा भय देखाउँदा र उहाँको महिमा गर्दा उहाँसँग हामीहरूको सम्बन्ध उचित वा ठिक भएको र उहाँको वचन पालन गर्न आतुर हुन्छौं भनेर देखाउँछौं (यस सन्दर्भमा परमेश्वरले अय्यूबको बारेमा यसरी प्रशंसा गर्नुहुन्छ, अय्यूब १:८ “८ परमेश्वरले सोध्नुभयो, “के तैंले मेरो सेवक अय्यूबलाई देखिस्? पृथ्वीमा त्योजस्तो सोझो र असल मानिस कोही छैन। त्यसले मलाई पुज्दछ र खराब कामबाट होसियारसाथ जोगिएर बस्दछ")।

परमेश्वरको डर मान्नु वा भय मान्नु भन्नुको अर्थ उहाँसँग डराउनु, भयभित हुनु, उहाँको नाउँ सुन्ना साथ सातोपुत्लो जानु जस्ता होइन। तर उहाँलाई हामीले गम्भीररूपमा लिनु र उहाँको उपस्थिति हामीहरूको जीवनमा गराउन दिनु हो। अन्तको समयमा रहने उहाँका मानिसहरूले उहाँलाई भित्री हृदयदेखि आदर गर्नेछन्। उहाँको न्यायप्रति सजग रहनेछन् ("जाति-जातिहरू रिसाएका छन्, अब त तपाईंको रिसाउने बेला भयो र मरेकाहरूको न्याय गर्ने बेला आएको छ। तपाईंका सेवकहरू अर्थात् तपाईंका अगमवक्ताहरूलाई, पवित्रजनहरूलाई र तपाईंको नाउँ मान्ने साना-ठूला सबैलाई इनाम दिने र पृथ्वी बिगार्नेहरूलाई नाश पार्ने बेला भएको छ" प्रकाश ११:१८, "५ सिंहासनबाट एउटा ठूलो सोरमा यसो भनेको सुनियो, "परमेश्वरका सेवक हो, उहाँलाई मान्नेहरू, साना-ठूला सबैले उहाँको जयजयकार गर ६ यसपछि मानिसको ठूलो घुइँचोको सोर वा पानीको छाँगाको आवाज जस्तो र बादलमा गड्याङ-गुडुङको गर्जनजस्तो आवाजले यसो भनेको मैले सुनें: "परमेश्वरको प्रशंसा होस्! हाम्रा प्रभु सर्वशक्तिमान् परमेश्वर महाराजा हुनुहुन्छ")। परमेश्वर चाहनुहुन्छ कि उहाँका जनहरूले उहाँलाई प्रेम गरुन् (व्यवस्था ११:१३ "यसर्थ अब मैले तिमीहरूलाई आज दिएका आज्ञाहरू मान। परमप्रभु आफ्ना परमेश्वरलाई प्रेम गर र आफ्नो पूरा हृदयले उहाँको सेवा गर" र मत्ती २२:३७ "येशूले जवाफ दिनुभयो, "तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो पूरा हृदय, पूरा प्राण र पूरा मनले प्रेम गर")। उहाँका आज्ञाहरू पालन् गरुन् वा उहाँका वचनहरू पालन गरेर उहाँको आदर गरुन् भन्ने पनि उहाँको चाहना हो (व्यवस्था ५:२९ "सधैं त्यस्तै तिनीहरूलाई लागिदिए त कस्तो हुन्थ्यो! सधैं तिनीहरूले मेरो आदर गरिदिए र मेरा आज्ञाहरू मानिदिए सधैंभरि सबै कुरामा तिनीहरूको र तिनका सन्तानको भलो हुनेथ्यो", उपदेशक १२:१३ "यी सबै कुरा सुन्यौ, अब एउटै कुरा मात्र भन्नु छ, परमेश्वरको भय मान र उहाँका आज्ञापालन गर किनभने त्यति गर्नलाई मात्र मानिसको सृष्टि गरिएको हो")। मुखले होइन वा केवल औपचारिकतवरले मात्र होइन व्यवहारिक रूपमा उहाँको चरित्रलाई प्रतिबिम्बित गरुन् भन्ने परमेश्वरको ठूलो इच्छा हो (उत्पत्ति २२:१२ "दूतले भने, "केटोलाई हात नलगाऊ, त्यसलाई केही नगर। मैले अब जानें कि तिमीले परमेश्वरको डर मान्दोरहेछौ किनभने तिमीले आफ्नो एउटै छोरालाई पनि उहाँदेखि अलग गरी बचाइराख्न चाहेनौ"

परमेश्वरले पनि हामीलाई प्रेम गर्नुभएकोले उहाँको एकमात्र पुत्रलाई हाम्रो निम्ति क्रुसमा बलिदिनुभयो)।

“न्यायको समय आएकोले" परमेश्वरका जनहरूले उहाँको महिमा गर्नु आवश्यक छ (प्रकाश १४:७ “तिनले ठूलो सोरले भने, "परमेश्वरको डर मान र उहाँको प्रशंसा गर किनभने उहाँले मानिस जातिको न्याय गर्ने बेला आइसकेको छ। आकाश, पृथ्वी, समुद्र र सब पानीका मूलहरू बनाउनुहुने परमेश्वरलाई मान-आदर देओ")। यो न्याय कहिले हुन्छ त? यो त छानबिनको न्याय हो जुन येशूको दोस्रो आगमनभन्दा पहिला हुन्छ। न्यायको उदेश्य यो हो कि हामीले परमेश्वरलाई इमान्दारिपूर्वक भित्रि हृदयदेखि सेवा गरेकाछौं कि छैनौं भनेर देखाउने हो। हामीहरूको काम व्यवहारले हामी परमेश्वरकोपक्षमा छौं कि छैनौं भनेर बताउँछ। यस सन्दर्भमा पावलले भन्दछन् “किनभने हामीहरू सबै एक दिन न्यायको लागि ख्रीष्टको सामुन्ने खडा हुनुपर्छ। सबैले यस जीवनमा राम्रो र नराम्रो, जेजस्तो काम गरेका छन्, त्यसैअनुसारको फल पाउनेछन्।" (२ कोरन्थी ५:१०)। जब यो न्याय अन्तिम निष्कर्षमा पुग्छ तब प्रत्येक मानिसले अनन्त जीवन पाउने कि नपाउने सो को फैसला हुनेछ (प्रकाश २२:११ “जो दुष्ट छ, त्यो दुष्टै हुँदैजान्छ, जो फोहोरी छ, त्यो फोहोरी नै हुँदैजान्छ। जो ठीक र धर्मी छ, त्यो त्यस्तै हुँदै जान्छ र जो पवित्र छ, त्यो पवित्रै हुँदैजान्छ")।

प्रकाश १४ अध्यायमा उल्लेख गरिएको न्याय सुसमाचारको एक भाग हो। जो मानिसहरू परमेश्वरसँग ठिक वा उचित सम्बन्धमा रहन्छ त्यसको निम्ति न्यायको सन्देश असल समाचार हो। यसको अर्थ दुष्टहरू दुष्टनै रहन चाहनेहरूको उचितरूमा न्याय हुनेछ र अहिले परमेश्वरले दुष्टहरूको फलिफाप हुँदा धर्मीहरूले आफू तिरस्कृत भएको अनुभव गर्लान् तर त्यस समय दुष्टहरूले पाउने न्यायले गर्दा परमेश्वर न्यायी हुनुहुँदोरहेछ भनेर थाहा पाउनेछन्। यस न्यायले परमेश्वरमा रहनेहरूले मुक्ति, स्वतन्त्र र अनन्त जीवन पाउनेछन्। तर अनाज्ञाकारी, दश आज्ञाहरूलाई पालन गर्नुपर्देन त्यसलाई फ्याँकिसक्यो भनेर वकालत गर्ने इसाईहरू नै किन नहुन् वा जानाजानी दुष्ट,अधर्मी, शोषण, अन्यायी, अत्याचार गर्नेहरूको निम्ति न्यायको सन्देश खराब हुनसक्छ। तर यदि तिनीहरू आफ्नो मन फर्काएर युगको अन्तमा दिइएको न्यायको सन्देशलाई आत्मसात् गरियो भने तिनीहरूलाई क्षमा दिइनेछ र तिनीहरूलाई पनि परमेश्वरको अनन्त राज्यमा बास गर्न अवसर दिइनेछ। यस संसारमा

जन्मिने कुनै पनि व्यक्ति नाश होओस् भन्ने परमेश्वरको इच्छा होइन। पत्रुसले भन्दछन् “कसै-कसैले विचारेजस्तो परमप्रभु परमेश्वर आफ्नो प्रतिज्ञा पूरा गर्न ढिलाउनुहुनेछैन। तर उहाँले तिमीहरूलाई पर्खिरहनुभएको छ। तिमीहरू कोही पनि नाश नभएको उहाँ चाहनुहुन्छ अनि सबैले आफ्ना पाप त्यागून् भन्ने उहाँको इच्छा छ।" (तर स्वइच्छाले नाश हुन चाहन्छ भने त्यसलाई परमेश्वरले हस्तक्षेप गर्नुहुन्न)।

**न्यायको समयमा तपाईं एक्लै कसरी उभिन सक्नुहुन्छ? तपाईंको जीवनले तपाईंको बारेमा कस्तो फैसला गर्ला? तपाईंको जवाफले तपाईंलाई सुसमाचारको खाँचो किन रहेछ भनेर के देखाउँछ? पहिलो स्वर्गदूतको सन्देशसँग न्याय गाँसिएकोले तपाईंलाई सुसमाचारको खाँचो भएको कसरी बुझ्नुहुन्छ?**

## ३. पहिलो स्वर्गदूतको सन्देशः भाग २

यस पृथ्वीको इतिहासको अन्तिम शङ्कष्टका घडीमा उब्जिने निर्णायक तथा केन्द्रित विषयबस्तुमा कसको आराधना गर्ने वा नगर्ने भन्नेमा झुण्डिनेछ भनेर प्रकाशको पुस्तकले बताउँदछ। प्रकाश १४:१२ले स्पष्टसँग देखाएको दश आज्ञाहरू पालन गरेर परमेश्वरको आराधना गर्ने मानिसहरूको बिशेष पहिचान हुनेछ। यस संसारका मानिसहरू दुई खेमामा बाँधिनेछन्। त्यहाँ मध्यममार्ग भन्ने हुँदैनः सनातन सृष्टिकर्ता परमेश्वरको भयमान्ने उहाँको आराधना गर्ने र उहाँको विद्रोही अर्थात् उहाँको साभौंमिकतामाथि हमला गर्ने पशुको डर मानेर उसको आराधना गर्ने।

**दश आज्ञाका प्रथम् चार आज्ञाहरूलाई हेर्नुहोस्, प्रस्थान २०:२-११ “३मबाहेक अरू कुनै देवता-देवीलाई तिमीहरूले नपुज्नू। ४तिमीहरूले आफ्नो लागि स्वर्ग वा पृथ्वी वा पृथ्वीमुनि पानीमा भएको कुनै पनि कुराको मूर्ति नबनाउनू। ५ तिमीहरूले कुनै मूर्तिलाई नढोग्नू न त तिनीहरूको पूजा नै गर्नू किनभने म तिमीहरूका परमेश्वर परमप्रभु हुँ अनि कोही मजस्तै हुन खोजेको म सहन्नँ। मलाई घृणा गर्नेहरूलाई तिनीहरूका सन्तानका तेस्रो र चौथो पुस्तासम्म म दण्ड दिनेछु। ६ तर जसले मलाई प्रेम गर्छ र मेरा आज्ञा मान्छ, तिनीहरूका हजारौं पुस्ताहरूमाथि म मेरो प्रेम देखाउनेछु। ७ कुनै खराब उद्देश्यको निम्ति मेरो नाम नलिनू (वा व्यर्थमा नलिनु) किनभने म परमप्रभु तिमीहरूका परमेश्वर हुँ र मेरो नामको दुरुपयोग गर्नेलाई म दण्ड दिनेछु। ८ विश्रामको दिन मान्ने गर र त्यस दिनलाई पवित्र राख। ९ तिमीहरू आफ्ना काम छ दिनसम्म गर,**

१० तर सातौं दिनचाहिँ मलाई अर्पण गरिएको विश्रामको दिन हो। त्यो दिन कसैले काम नगर्नू। तिमीहरू, तिमीहरूका छोरा-छोरी, कमारा-कमारी, गाई-वस्तु र तिमीहरूका देशमा बास गर्ने परदेशी, कसैले पनि केही काम गर्नेछैन। ११ म परमप्रभुले छ दिनमा पृथ्वी, आकाश, समुद्र र त्यहाँ भएका सबै थोक बनाएँ र सातौं दिनमा विश्राम लिएँ। त्यसैकारण म परमप्रभुले विश्रामको दिनलाई आशिष् दिएर पवित्र पारें।" यी आज्ञाहरू पढेपछि प्रकाश १३ पनि सरसर्ती पढ्नुहोस्। पशुले परमेश्वरको डाह गरेर उहाँको स्थानमा आफू कसरी बस्न चाहेको थियो भनेर प्रकाश १३मा बताइएको देहायका बृतान्तहरूले यसरी देखाउँछन्: परमेश्वर होइन पशु आफैले अरूको आराधना गर्न माग गर्दछ "७ त्यसलाई परमेश्वरका मानिसहरूसित लडाइँ गरेर उनीहरूलाई जित्ने हक दिइएको थियो। सबै कुल, देश, भाषा र जातिमाथि अधिकार गर्न त्यसलाई हक दिइएको थियो। ८ मारिएका थुमाको जीवनको पुस्तकमा संसारको उत्पत्तिभन्दा पहिले नै नाउँ लेखिएका व्यक्तिहरू बाहेक पृथ्वीमा रहनेहरू सबैले नै त्यो जनावरलाई मान-आदर गर्नेछन्" प्रकाश १३:७-८, आफ्नो मूर्ति स्थापना गरेर अरूहरूले पूजा गरुन् भन्ने पशुले माग गर्दछ "१३ यो दोस्रो जनावरले अचम्म-अचम्मका चिन्हहरू देखायो। सबैले देख्ने गरी त्यसले आकाशबाट पृथ्वीमा आगो झार्‍यो। १४ त्यो पहिलो जनावरको अगाडि यस्ता अचम्मका चिन्हहरू देखाउने शक्ति त्यसलाई दिइएको थियो। यसैले गर्दा संसारका सबै मानिसहरूलाई त्यसले भर्मायो। तरवारले घायल भएर पनि बाँचेको त्यो जनावरलाई मान्न सबैले त्यसको मूर्ति बनाउनू भनेर त्यो दोस्रो जनावरले हुकुम गर्‍यो" प्रकाश १३:१३-१४, परमेश्वरको बिरुद्धमा निन्दा गर्दछ र उहाँको नाउँलाई अपमान गर्दछ "५ आफ्नो घमण्डको कुरा गरेर परमेश्वरको अपमान गर्न त्यस जनावरलाई बयालीस महिनासम्म समय दिइएको थियो। ६ त्यसले परमेश्वरलाई, उहाँको नाम, वासस्थान र स्वर्गमा बस्ने सबैलाई सराप्न थाल्यो" प्रकाश १३:५-६ र पवित्र दिन साबथको सट्टामा पशुले परिवर्तन गरेको साबथ दिन अर्थात् आइतबारको छाप उसका भक्तहरूलाई लगाइदिने "१६ तब त्यसले साना र ठूला, धनी र गरीब, कमारा र मुक्त सबैलाई आफ्ना दाहिने हातमा वा आ-आफ्ना निधारमा चिन्ह लाउन लगायो। १७ यो दागचाहिँ त्यो जनावरको नाउँ अथवा त्यसको सङ्ख्या थियो अनि जति जनाले त्यो दाग पाएनन्, उनीहरूले किनबेच गर्न नपाउने भए। १८ यसमा बुद्धि चाहिन्छ, जसको सम्झने शक्ति छ, त्यसले त्यो जनावरको सङ्ख्या बुझोस् किनभने त्यो सङ्ख्याले एउटा मान्छेको

**नाउँ बुझाउँछ र त्यसको सङ्ख्याचाहिँ ६६६ हो" प्रकाश १३:१६-१८ (बाइबलका व्याख्याकारहरूले सङ्ख्या ६६६ रोमन क्याथोलिकको उच्च धर्मगुरु पोपलाई औंल्याएका छन्)। दश आज्ञाका प्रथम चार आज्ञाहरूलाई शैतानले यस पृथ्वीको अन्तिम शङ्कटको समयमा कसरी हमला गर्दो रहेछ भनेर माथिका पदहरूले स्पष्ट देखाइएको छ, त्यसप्रति तपाईंको बिचार के छ?**

दश आज्ञाहरूमा भएका प्रथम चार आज्ञाहरूको मूल केन्द्रबिन्दु आराधना वा पूजा गर्ने अवधारणा हो। युगको अन्तमा परमेश्वरप्रति बफादार भएको छ कि छैन भनेर जोख्ने ढक ती चार आज्ञाहरू प्रमुख हुनेछन् भनेर प्रकाशको पुस्तकले बताउँदछ। येशू ख्रीष्ट र शैतानबीचको अन्तिम महासंग्रामको विषयबस्तु नै प्रथम चार आज्ञाहरूको सेरोफेरोमा हुनेछ किनभने ती आज्ञाहरूले मानिसहरूको निष्ठा कसप्रति छ भनेर स्पष्टरुपमा बताउँदछ।

अझ युगको अन्तमा हुने अन्तिम लडाईं वा शङ्कटको मूल विषयबस्तुलाई पहिलो स्वर्गदूतले दिएको सन्देशको दोस्रो भागले देखाइन्छ। “स्वर्ग र पृथ्वी, समुद्र र पानीका फोहराहरूलाई सृष्टि गर्ने परमेश्वरको आराधना गर" (प्रकाश १४:७) भन्ने भनाइ चौथौ आज्ञालाई झण्डै ठ्याक्कै उतारिएको देखाउँछ (“म परमप्रभुले छ दिनमा पृथ्वी, आकाश, समुद्र र त्यहाँ भएका सबै थोक बनाएँ र सातौं दिनमा विश्राम लिएँ। त्यसैकारण म परमप्रभुले विश्रामको दिनलाई आशिष् दिएर पवित्र पारें")। साबथ आज्ञाले कुन परमेश्वरको आराधना गर्ने भन्ने देखाइएको हुँदा सृष्टिकर्ता परमेश्वरको साबथ पालन गर्नैपर्ने आवश्यकता देखाइएको पाइन्छ। हप्ताको सातौं दिन साबथमा बिश्राम लिनु र उहाँको आराधना गर्नु भनेको परमेश्वरसँग हामीहरूको विशेष सम्बन्ध गाँसिएको चिन्हो हो (प्रस्थान ३१:१३ “ इस्राएलीहरूलाई भन्न आज्ञा गर्नुभयो, "मैले विश्राम लिएको दिन विश्राम दिन मान्नू किनभने त्यो सदाकालको निम्ति भविष्यमा तिमीहरू र मेरा बीचमा एउटा चिन्ह हुनेछ र त्यस कुराले म परमप्रभुले तिमीहरूलाई मेरा निजी प्रजा बनाएको छु भनी देखाउनेछ।" र इजिकिएल २०:१२ “म तिनीहरूलाई पवित्र गर्ने परमप्रभु हुँ भनी जनाउन पवित्र विश्रामबारको चलन चिनोको रूपमा बनाएँ")। सृष्टिकर्ता सनातन परमेश्वरको आराधना गर भनेर प्रथम स्वर्गदूतको सन्देशले आह्वान गर्दछ।

“विश्वका देशहरूले शनिबारको सट्टा झुटो दिनलाई अर्थात् आइतबारलाई नै साबथ दिन हो त्यसलाई सबैले मान्नुपर्छ भनेर कानुन बनाएर

मानिसलाई जबरजस्ती त्यस दिन पालन गर्न लगाउनु भनेको परमेश्वरले दिनुभएको चौथो आज्ञाको सरासर बिरुद्धमा जानु हो। जब हप्ताको सातौं दिन साबथलाई पालन गर्न र परमेश्वरका आज्ञाहरू पालन गर्न प्रतिबद्धता कसैले व्यक्त गर्दछ भने त्यो व्यक्ति सृष्टिकर्ता परमेश्वरको निष्ठा र बफादारीमा रहेको प्रमाणित गर्दछ। एक समूहले पृथ्वीका शासकहरूको शक्ति वा कानुनहरूलाई पालन गरेर आइतबार नै साबथ दिन हो भनेर स्वीकार्दछ भने त्यस समूहले पशुको छाप पाउँदछ। तर अर्को समूह जसले परमेश्वरका दश आज्ञाहरूप्रति निष्ठावान भएर हप्ताको सातदिनलाई नै परमेश्वरको पवित्र दिन हो भनेर मान्दछ तब त्यस समूहले परमेश्वरको अधिकारप्रति बफादार भएको देखाउँदछ। त्यस समूहले परमेश्वरको छाप पाउनेछ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६०५बाट रूपान्तरित।

**सृष्टि र मुक्तिको बीचमा के आपसी सम्बन्ध छ? परमेश्वर आफैले लिनुभएको बिश्रामदिनमा बिश्राम लिनु किन जरुरी छ?**

## ४. दोस्रो स्वर्गदूतको सन्देश

दोस्रो स्वर्गदूतको सन्देशले बेबिलोनको पतनको बारेमा घोषणा गर्छ। परमेश्वरको सत्य वचनबाट अलगिएर मानिसले संरचना गरेका धार्मिक विधिविधानहरूमा चल्ने तत्वलाई बेबिलोनको संज्ञा बाइबलले दिन्छ। त्यो तत्व ख्रीष्टको विश्वासबाट भ्रष्ट भएर चलेको हुन्छ। "प्रकाश १७:५मा बेबिलोन बेश्याहरूकी आमा भनेर खुलेर घोषणा गरेको गरिएको छ। उनका बेश्या छोरीहरू को हुन् त? बेश्याको संज्ञा ती चर्च वा सम्प्रदायहरूलाई दिइएको छ जो बाइबलको शुद्ध शिक्षा र येशूप्रतिको निष्ठालाई त्यागेर परमेश्वरले अनुमोदन नगर्नुभएको शिक्षादर्शन र परम्पराहरूलाई पक्रिराख्दछ। यस संसारसँग अपवित्र तथा परमेश्वरको अगाडि अवैध गठबन्धन गर्ने तत्वलाई बेबिलोन भनेर बाइबलले बताउँदछ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ३८२,३८३बाट रूपान्तरित।

**देहायका पदहरू सँगसँगै पढ्नुहोस्: प्रकाश १४:८ " तब पहिलो स्वर्गदूतको पछि दोस्रो स्वर्गदूत यसो भन्दै आए, "ध्वंश भयो! महासहर बेबिलोन ध्वंश भयो। त्यसले संसारका सबै जातिलाई त्यसका व्यभिचारको कचौराबाट पियाएर उनीहरूलाई मताइदिई।", प्रकाश १८:२ " उनले जोडले यसो भनेर**

**कराए, "ध्वंश भयो! त्यो ठूलो बेबिलोन ध्वंश भयो! अब शैतानका भूतहरू र अशुद्ध आत्माहरू र अनेक घिनलाग्दा र फोहोरी पक्षी त्यहाँ बस्छन्।" र यशैया २१:९ "अचानक तिनीहरू आउन लागे, घोडामा चढेका मानिसहरू जोडी-जोडी गरेर। पहरादारले खबर दियो, "बेबिलोनको पतन भयो! तिनीहरूले पुज्ने गरेका सबै मूर्तिहरू टुक्रा-टुक्रा भई जमिनमा छरिएका छन्।"**

"पतन" भयो भनेर दोहोऱ्याएर गरिएको शब्दको दुईटा अर्थ लाग्छ। एउटा हो परमेश्वरप्रतिको शुद्ध आस्थाबाट बेबिलोन बिस्तारै खस्किन्दै गएको र दोस्रो उनको नैतिक पतन पूर्णरूपमा भएको त्यसले देखाउँदछ। ऐतिहासिकरूपमा बेबिलोन पतन भइसकेको भनेर वर्णन गरिएतापनि उनको पतन भविष्यमा हुने भनेर पनि बताइएको छ? यो किन होला?

स्पष्टरूपमा भन्नुपर्दा प्रकाशको पुस्तकको अनुसार अन्तमा हुने बेबिलोनको पतन भनेकै झुटा वा परमेश्वरप्रतिको विश्वासमा भ्रष्ट भएर चल्ने धार्मिक प्रणालीहरूको गठबन्धन हो। तिनीहरूमा रोमन क्याथोलिक चर्च र बाइबलप्रतिको आस्थामा भ्रष्ट भएर गिरेको सुधारवादी इसाईहरू वा प्रोटेस्टेन्ट चर्चहरू समावेश भएका हुन्छन्। शैतानले ती समूहहरूलाई प्रयोग गरेर परमेश्वरका जनहरूलाई सास्ती दिनेछन् (प्रकाश १३:११-१८ "११ यसपछि मैले पृथ्वीबाट निस्किआएको अर्को एउटा जनावर देखें। थुमाका जस्ता त्यसका दुईटा सिङ थिए र त्यसको बोली अजिङ्गरको जस्तो थियो। १२ त्यसले त्यो पहिलो जनावरपट्टिबाट त्यसको ठूलो अधिकार चलायो र त्यो घाउ निको भएको पहिलो जनावरलाई मान-आदर गर्न संसारका सबै मानिसलाई कर लगायो। १३ यो दोस्रो जनावरले अचम्म-अचम्मका चिन्हहरू देखायो। सबैले देख्ने गरी त्यसले आकाशबाट पृथ्वीमा आगो झाऱ्यो। १४ त्यो पहिलो जनावरको अगाडि यस्ता अचम्मका चिन्हहरू देखाउने शक्ति त्यसलाई दिइएको थियो। यसैले गर्दा संसारका सबै मानिसहरूलाई त्यसले भर्मायो। तरवारले घायल भएर पनि बाँचेको त्यो जनावरलाई मान्न सबैले त्यसको मूर्ति बनाउनू भनेर त्यो दोस्रो जनावरले हुकुम गऱ्यो। १५ पहिलो जनावरको मूर्तिले बोलोस् र त्यो मूर्ति पूजा नगर्नेहरू जतिलाई मारिदेओस् भनेर त्यस जनावरको मूर्तिमा सास फुकिदिने अधिकार दोस्रो जनावरलाई दिइएको थियो। १६ तब त्यसले साना र ठूला, धनी र गरीब, कमारा र मुक्त सबैलाई आफ्ना दाहिने हातमा वा आ-आफ्ना निधारमा चिन्ह लाउन लगायो। १७ यो दागचाहिँ त्यो जनावरको नाउँ अथवा त्यसको सङ्ख्या थियो अनि जति जनाले त्यो दाग पाएनन्,

उनीहरूले किनबेच गर्न नपाउने भए। १८ यसमा बुद्धि चाहिन्छ, जसको सम्झने शक्ति छ, त्यसले त्यो जनावरको सङ्ख्या बुझोस् किनभने त्यो सङ्ख्याले एउटा मान्छेको नाउँ बुझाउँछ र त्यसको सङ्ख्याचाहिँ ६६६ हो।" र प्रकाश १६:१३,१४ "१३ तब त्यो अजिङ्गर, जनावर र झूटो अगमवक्ताको मुखबाट भ्यागुताजस्ता देखिने तीन अशुद्ध आत्माहरू निस्केका मैले देखें। १४ यी अचम्म-अचम्मका चिन्हहरू गर्ने दुष्ट आत्माहरू हुन्। सर्वशक्तिमान् परमेश्वरको ठूलो दिनमा हुने लडाइँको लागि पृथ्वीभरिका राजाहरू जम्मा गराउन यी तीन आत्माहरू ती राजाहरूकहाँ जान्छन्।" र प्रकाश १७:५,६ "४ त्यसपछि तेस्रो स्वर्गदूतले आफ्नो बटुको सबै नदी-नाला र पानीका मूलहरूमा खन्याए र ती सबै रगतै भए। ५ अनि सबै पानीलाई हेरचाह गर्ने स्वर्गदूतले यसो भनेको मैले सुनें, "हे पवित्र परमेश्वर जो हुनुहुन्छ र हुनुहुन्थ्यो, तपाईंले गर्नुभएको न्याय ठीक छ ६ किनभने तपाईंका अगमवक्ताहरू र तपाईंका भक्तहरूको रगत उनीहरूले बगाइदिए अनि तपाईंले उनीहरूलाई रगतै पिउन लाउनुभयो। उनीहरूले पाउनुपर्ने सजाय नै पाए।" ७ यसपछि मैले वेदीबाट यसो भनिरहेको एउटा सोर सुनें, "प्रभु परमेश्वर सर्वशक्तिमान्, साँच्चै तपाईंको न्याय ठीक र सत्य छ!")। पतित भएका धार्मिक गठबन्धनले त्यही किसिमको घमण्डलाई व्यक्त गर्नेछ जुन् पौराणिक बेबिलोनले परमेश्वरमाथि आफू माथि भएको देखाउन खोजेको थियो र यस संसारमा परमेश्वरको ठाउँमा आफू सर्बेसर्बा हुन खोजेको थियो। दोस्रो स्वर्गदूतको सन्देशले परमेश्वरका जनहरूलाई यो चेतावनी दिन्छन कि यो दुष्ट धार्मिक प्रणाली सत्यबाट बिस्तारै बिस्तारै झन झन टाढा भएर जानेछ किनभने त्यसले युगको अन्तमा दिइएको सुसमाचारको सन्देशलाई ग्रहण गर्दैन। जब "संसारसँग चर्चको गठबन्धन हुन्छ तब त्यस गठबन्धनमा लाग्ने सारा इसाईहरू नै परमेश्वरको वचनबाट पतित भएर उहाँको विरुद्धमा लाग्छन् तब त्यसबेला बेबिलोनको पतन पूरा भएको हुनजान्छ।-एलेन जी ह्वाइट, द ग्रेट कन्ट्रोभर्सी, पृ. ३९०बाट रूपान्तरित।

**देहायका पदहरू फेरि पढ्नुहोस्: प्रकाश १४:८ " तब पहिलो स्वर्गदूतको पछि दोस्रो स्वर्गदूत यसो भन्दै आए, "ध्वंश भयो! महासहर बेबिलोन ध्वंश भयो। त्यसले संसारका सबै जातिलाई त्यसका व्यभिचारको कचौराबाट पियाएर उनीहरूलाई मताइदिई।", प्रकाश १७:२ "संसारका राजाहरूले त्योसित गएर व्यभिचार गर्थे र संसारका मानिसहरू जाँडले मातेजस्तो त्यो वेश्यासँगको व्यभिचारमा मातिरहेका थिए।" र प्रकाश १८:३ "किनभने सबै जातिहरू**

**त्यसको व्यभिचारले जाँड पिएर मातेझैं मातेका छन्। संसारका राजाहरूले त्योसित गएर व्यभिचार गरे र त्यसको नमेटिने अभिलाषा तृष्णाले संसारका व्यापारीहरू औधी धनी भए।" व्यभिचारको मद्य बेबिलोनले संसारलाई कसरी पिउन दिन्छ? मद्य केको प्रतीक हो?**

अनैतिकताको मद्य अन्तको समयको बेबिलोन बेश्या भएर संसारका मानिसहरूलाई पिउन दिनेछ भनेर प्रकाश १७ले चित्रण गर्दछ (प्रकाश १७:२)।

बेबिलोनको मद्य भनेको के हो? मानिसहरूलाई बहकाउने झुटा आत्मिक शिक्षादीक्षा र इसाई हौं भनाउँदाहरूले नै सुसाचारको शुद्ध शिक्षालाई त्यागेर झुटो सुसमाचारलाई सत्य भनेर मानिसहरूलाई फसाउने धार्मिक प्रणालीलाई बेबिलोनले लठ्ठ पार्ने रक्सी भनेर प्रकाशको पुस्तकले बताउँछ। आजभोलि धेरै प्रोटेस्टेन्ट वा सुधारवादी इसाई सम्प्रदाय वा चर्चहरूको रोमन क्योथोलिकसँग सम्बन्ध बिच्छेदभएको वा हुनुपर्नेमा तिनीहरूसँग हात मिलाइरहेकाछन्। रोमन क्याथोलिक चर्चमा बाइबललाई ओझेलमा पारेर बाइबलले अनुमोदन नगरेका अनेकौं परम्पराहरूलाई धार्मिक प्रणालीमा गाभिएका छन्। कतिपय इसाईहरू रोमन क्याथोलिक चर्चको भ्रष्ट शिक्षाहरूको प्रभावमा परेर बेबिलोनको मद्यरूपी सिद्धान्तहरूमा लागेका छन्। ती सिद्धान्तहरूमा ईश्वरवादी बिकासबादी सिद्धान्त एक हुन्। सृष्टि तथा मानव सृजना परमेश्वरले नै बिकासवादको प्रक्रिया अपनाएर सृष्टि गर्नु भएको हो भन्ने सिद्धान्तलाई उचाल्दछ। यसले परमेश्वरले छ दिन लगाएर संसार सृष्टि गर्नुभयो भन्ने उत्पत्तिको बृतान्तलाई मान्दैन। यो सिद्धान्त प्रथम स्वर्गदूतको सन्देशसँग बाझ्छ। ती इसाई भनाउँदाहरूले नै बाइबललाई मात्र आधार बनाएर धार्मिक नीतिनियमहरूलाई पालन गर्नुपर्ने सिद्धान्तहरूलाई परम्पराहरू घुसाएर बिटुलो पारेका छन्। बाइबल सम्मत नभएको लिंगभेद, बिवाह आदि शिक्षाहरू घुसाएर मानिसहरूलाई बाइबल र बाइबलमात्र वा सोला स्क्रिप्चर sola Scriptura भन्ने अवधारणालाई इसाई भनाउँदाहरूले नै लत्याइरहेका छन्। झुटो सिक्षाले लठ्ठ भएका मानिसहरूले सिधा दिमागले सोच्न सक्दैनन्। जब बेबिलोनको मद्यले मानिसहरू आत्मिकरूपमा लठ्ठ हुन्छन् तब बेबिलोननले समुद्रबाट निस्किएको पशुको पुजा गर्न उक्साउनेछ र यसरी पशुको छाप तिनीहरूले पाउनेछन्।

## ५. तेस्रो स्वर्गदूतको सन्देश

**परमेश्वरको सतमा रहने अर्थात् विश्वासमा रहने मानिसहरूलाई प्रकाश १४:१२ले कसरी चित्रण गर्दछ? हेर्नुहोस् " परमेश्वरका आज्ञा पालन गर्ने र येशूको विश्वास राख्ने सन्तहरूको धैर्य धारणा यसैमा छ।"**

तर परमेश्वरका जनहरूको बिपरीत दुष्टचालमा चलेर दुष्ट नै भइरहन रूचाउनेहरूले उहाँको क्रोधको सामना गर्नुपर्ने प्रकाश १४:९,१०ले चेतावनी दिन्छ। परमेश्वरको क्रोध खनिनु भनेको कपबाट रक्सी पिउनु हो भनेर पुरानो करारमा यसरी चित्रण गरिएको छ " १५ परमप्रभु इस्राएलका परमेश्वरले मलाई भन्नुभयो, "मेरो क्रोधले भरिएको एउटा कचौरा यहाँ छ। मैले तँलाई पठाएका सबै जातिकहाँ यो कचौरा लैजा र तिनीहरूलाई पिउन लगा। १६ त्यस कचौराबाट पिउँदा तिनीहरू धरमराउनेछन् र बौलाहा हुनेछन् किनभने तिनीहरूका विरुद्धमा म लडाइँ पठाउँदै छु।" यर्मिया २५:१५-१६। न्यायको दिनमा पशुलाई पूजा गर्ने मानिसहरूले केही कुरा नमिसिएको रक्सी (प्रकाश १४:१०)को रूपमा परमेश्वरको क्रोधको कचौरा पिउनुपर्नेछ भनेर उल्लेख गरिँदा तिनीहरूले सामना गर्नुपर्ने न्याय कस्तो कडा हुनेरहेछ भनेर देखाउँदछ। पौराणिक समयमा शुद्ध रक्सी (वा अहिले पनि नेवारहरूले चलाउने ऐला)मा पानी मिसाइन्थ्यो। जसले गर्दा रक्सीको कडापनलाई कम गर्दथ्यो। तर परमेश्वरको क्रोधको रक्सी नमिसिएको (आक्राटु akratou) भनिन्छ। नमिसिएको रक्सी भन्दा परमेश्वरले यस्तो किसिमको क्रोध पोखाउनुहुनेछ जसमा कुनै दया हुँदैन र शुद्ध रक्सीको जस्तो उहाँको रिस कडा हुनेछ।

**देहायका पदहरूमा के छ हेर्नुहोस्: प्रकाश १४:१०,११ "१० उनीहरूलाई परमेश्वरले आफ्नो क्रोधको कचौराबाट पियाउनुहुनेछ। तिनीहरू पवित्र स्वर्गदूतहरू र थुमाको अगाडि आगो र गन्धकमा पिरोलिनुपर्छ ११ र उनीहरूलाई पिरोल्ने आगोको धुवाँ सधैँ उँभोतिर उडेर जानेछ। जतिले त्यो जनावर र त्यसको मूर्तिलाई मान-आदर गर्छन् र त्यसको टीका लाउँछन्, दिन-रात आफ्नो सजायबाट विश्राम पाउनेछैनन्।", प्रकाश २०:१०-१५ "१० जाति-जातिलाई ठग्ने त्यो दुष्ट शैतानचाहिँ आगो र गन्धकको कुण्डमा फ्याँकियो, जहाँ त्यो जनावर र झूटा अगमवक्ता पहिल्यै फ्याँकिएका थिए। तिनीहरूले रात-दिन सधैँभरि दुःख-कष्ट भोगिरहनेछन्। ११ तब एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान् हुनुहुनेलाई मैले देखें। उहाँको सामुन्नेबाट आकाश र पृथ्वी भागे र तिनीहरू फेरि देखा परेनन्। १२ अनि मरेका साना र ठूला सबै**

सिंहासनको अगाडि उभिरहेको मैले देखें अनि पुस्तकहरू खोलिएका थिए, अनि अर्को एउटा पुस्तक पनि खोलियो जुनचाहिँ जीवनको पुस्तक हो। ती पुस्तकहरूमा लेखिएका उनीहरूका कामअनुसार मरेकाहरूको न्याय गर्दै थियो। १३ समुद्रले त्यसका मुर्दाहरू सुम्पिदियो, मृत्यु र पातालले आफूसँग राखेका मुर्दाहरूलाई सुम्पिदिए र सबैको आ-आफूले गरेका कामअनुसार न्याय भयो।१४ यसपछि मृत्यु र पाताल पनि अग्नि-कुण्डमा फ्याँकिए (यो अग्नि-कुण्ड दोस्रो मरण हो)। १५ जस-जसको नाउँ जीवनको पुस्तकमा लेखिएको थिएन, तिनीहरू आगोको कुण्डमा फ्याँकिए।" " उनीहरूलाई पिरोल्ने आगोको धुवाँ सधैं उँभोतिर उडेर जानेछ" भन्ने अर्थ भुझन देहायका पदहरूले कसरी बुझाउँछन्? हेर्नुहोस यशैया ३४:८-१५ " १० त्यो रात-दिन जल्नेछ, त्यसको धुवाँ सधैंभरि उठिरहनेछ। देशचाहिँ , युग-युग उजाड भइरहनेछ र त्यसबाट भएर कोही कहिल्यै हिँड्नेछैन। ११ त्यो देशमा लाटोकोसेरो र कागहरू बास गर्नेछन्। परमप्रभुले त्यसलाई सृष्टिको अघिझैं फेरि बाँझो र उजाड बनाउनुहुनेछ। १२ देश शासन गर्ने कोही राजा हुनेछैन र सबै अगुवाहरू मासिनेछन्। १३ सबै महल र किल्लाहरूमा काँडा र सिउँडीहरू उम्रनेछन् र त्यहाँ स्याल र लाटोकोसेराहरू बास गर्नेछन्। १४ त्यहाँ जङ्गली जनावरहरू चरिहिँड्नेछन् र भूत-प्रेतहरूले एक-अर्कालाई बोलाउनेछन्। त्यहाँ विश्राम गर्न ठाउँ खोज्दै रातको जन्तु आउनेछ। १५ लाटोकोसेराले त्यहाँ गुँड बनाई, फूल पारी बच्चा काढ्नेछ र हुर्काउनेछ। त्यहाँ गिद्धहरू जोडी-जोडी भई जम्मा हुनेछन्।" र यहूदा ७ " त्यसै गरी सदोम र गमोरा अनि वरिपरिका सहरका मानिसहरूले एकपछि अर्को गर्दै घिनलाग्दा व्यभिचारका काम गर्न लागे। आगोमा नाश पारिएर तिनीहरू कहिल्यै ननिभ्ने आगोको दण्ड पाउनेहरूका नमुना भए।"

याद गर्नुहोस्, आगो र गन्धकको यातनाले कुनै पनि बस्तुलाई पूरै नाश गर्ने भन्ने कुरालाई जनाउँछ। आगो र गन्धक पठाउनुको अर्थ परमेश्वरको न्याय हो (उत्पत्ति १९:२४, यशैया ३४:८-१०)। नाशको धुवाँ माथि जानु भनेको बाइबलको प्रख्यात चित्रण हो। एदोमको भविष्यमा हुने ध्वस्त आगो र गन्धकबाट हुनेछ भनेर यशैयाले भविष्यवाणी गरेका थिए। यो जलिरहेको अलकत्रा हुनेछ। "दिन रात यो निभ्ने छैन। यसको धुवाँ सधैं माथि गइरहनेछ" (यशैया ३४:१०)। यहूदाले सदोम र गमोरा अनन्त धुवाँले दण्ड पाइरहेका छन् (यहूदा ७) भनेका छन्। ती सहरहरू कहिल्यै ननिभ्ने आगोमा

जलिरहने भनेर अक्षरस वा वास्तविकरूपमा भइरहेको छ भनेको होइन किनकि ती सहरहरू अहिले जलिरहेका छैनन्। पापको नतिजा अनन्तको छ तर पाप जलिरहने भनेको होइन। प्रकाशको पुस्तकमा उल्लेख गरिएको "अनन्तको आगो" भनेको पूरै ध्वस्त हुनु हो। त्यो जल्ने प्रक्रिया त्यतिबेलासम्म जलिरहनेछ जब कुनै पनि चिज जल्न बाँकी रहँदैन।

**कतिपय इसाईहरू वा अरू धार्मिक दर्शनहरूले पापीहरूले सदा सदा सास्ती पाइरहनेछ भनेर विश्वास गर्छन्। तर हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले यस्तो सिद्धान्तमा विश्वास नगर्नेभएकोले हामी धन्यवादी छौं। तैपनि पापीहरूले पाउने दण्ड चानचुने हुनेछैन भनेर पनि बुझ्नु जरुरी छ। दुष्ट तथा पापीको विनाश कडा र सधैंको निम्ति हुनेछ वा उसको अस्तित्व रहँदैन भन्ने ज्ञान हामीले थाहा पाएर हाम्रा प्रियजन र अरूहरूलाई सुनाउनुपर्ने सुसमाचारको पवित्र कामप्रति हामी कतिको गम्भीर हुनुपर्छ भन्ने कुराको कसरी महसुस गर्ने**?

## उपसंहारः

**थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित द ग्रेट कन्त्रोभर्सी, पृ. ६०३-६१२को अध्याय "द फाइनल वार्निङ्ग पढ्नुहोस्।

सारा संसारलाई विश्वको इतिहासको अन्तमा युगको अन्त्यको सुसमाचार सुनाउन परमेश्वरका जनहरूलाई जिम्मा लगाइएको छ भनेर प्रकाशको पुस्तकले देखाउँदछ। यो काम अत्यन्त जटिल भएको कतिपय समयमा हामी महसुस गर्दछौं तर असम्भव भने छैन। तैपनि हामीहरूमा परमेश्वरको शक्तिको प्रतिज्ञा छ।

"जुनरूपमा सुसमाचार सुनाउने महान काममा चाहिने शक्ति पहिलाकोमा भएको थियो त्यो पछि कम हुन्छ भनेर ठान्नु हुँदैन।...अनेकौं तर्क, वादविवाद आदि गरेर सन्देश फैलिनेछैन तर परमेश्वरको आत्माले मानिसहरूको हृदयमा गहिरो प्रभाव पारेपछि सच्चाइकासाथ फैलिनेछ। सुसमाचारको बारेमा जुन तर्क दिनुपर्थ्यो त्यो प्रस्तुत भइसकेको छ। बिऊ रोपिएको छ। अब फल फलाउन त्यो मौलाउनेछ वा उम्रिनेछ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६११, ६१२बाट रूपान्तरित।

परमेश्वरको अन्तिम सन्देश सुनाइसकेपछि संसारका मानिसहरू दुई दलमा बिभाजित हुनेछन्ः जो परमेश्वरलाई प्रेम गर्छन् र उहाँका आज्ञाहरू हृदयदेखि पालन गरेर चल्दछन्, र पशुतिर बफादारी भएर उसको इच्छा

अनुसार चल्दछन। यो अलगिने प्रक्रियालाई दुई कटानी वा फसलसँग तुलना गरिएको छः गहुँलाई काटेर भकारीमा जम्मा गर्ने (प्रकाश १४:१४-१६ “१४ यसपछि मैले हेरें, त्यहाँ सेतो एउटा बादल देखें र यसमाथि एउटा मानिसको रूप भएको कोही बसिरहेको देखें। उहाँको टाउकोमा सुनको मुकुट थियो र हातमा एउटा धारिलो हँसिया थियो। १५ अर्को एक स्वर्गदूतले परमेश्वरको मन्दिरबाट निस्केर बादलमा बस्नुहुनेलाई यसो भनेर ठूलो सोरले कराए, “हँसिया लगाएर बाली काट्नुहोस् किनभने बेला भइसक्यो। पृथ्वीको बाली पाकिसकेको छ।” १६ त्यहाँबाट बादलमा बस्नुहुनेले नै आफ्नो हँसिया पृथ्वीमा चलाउनुभयो र पृथ्वीको बाली काटियो") र मद्य बनाउने मेशिनमा दाखलाई पेलियो (प्रकाश १४:१७-२० “१७ यसपछि मैले स्वर्गमा परमेश्वरको मन्दिरबाट आएका अर्को एक स्वर्गदूत देखें। उनको हातमा पनि धारिलो हँसिया थियो। १८ अनि आगोमाथि अधिकार हुने अर्को एक स्वर्गदूत वेदीबाट आए। उनले हँसिया समाउने स्वर्गदूतलाई ठूलो सोरले यसो भन्दै कराए, “हँसिया चलाऊ र पृथ्वीको दाखबारीका दाखहरू काट किनकि तिनीहरू पाकिसकेका छन्।” १९ त्यहाँबाट ती स्वर्गदूतले आफ्नो हँसिया पृथ्वीमा चलाए र दाखका झुप्पाहरू काटिदिए। अनि दाख पेल्ने कोलझैं परमेश्वरको क्रोधको कोलमा फ्याँकिदिए। २० सहरबाहिर भएको कोलमा ती दाख पेलिए र त्यहाँबाट तीन सय किलोमिटर लामो र गहिरो रगतको खोला बग्यो")। युगको अन्तमा मानिसहरूको बिभाजन हुने विषयबस्तु प्रकाश १७ र १८ले बताउँदछ।

**चिन्तनमनन:**

अ) **विश्वमा लाखौं इसाई चर्च वा सम्प्रदायहरू छन् तर सेभेन्थ-डे एडभेन्टिस्टले बाहेक अरू कुन चर्चले तिन स्वर्गदूतका सन्देशहरू फैलाइरहेकाछन् के तपाईंलाई थाहा छ? यसले गर्दा हामीमा आएको जिम्मेवारी महत्त्वपूर्ण छ भनेर बुझ्नु किन जरुरी छ?**

आ) **धेरै इसाईहरूको निम्ति न्यायको धारणा लोकप्रिय छैन, किन होला? येशू आउनुभन्दा पहिले न्याय हुन्छ वा भइरहेको छ र उहाँ आउनुहुँदा कसले मुक्ति पाउँछ र कसले पाउँदैन भनेर फैसला भइसकेको हुन्छ भन्ने धारणा महत्त्वपूर्ण छ भनेर ती इसाईहरूमा के ज्ञान छ त? तपाईंको सहइसाई साथीहरूलाई येशू आउनुभन्दा पहिले हुने न्यायको बारेमा बुझाउन कसरी सहयोग गर्नुहुन्छ?**

इ) युगको अन्तमा हुने घट्नाहरूको परिप्रेक्ष्यमा साबथको बारेमा उठ्ने प्रश्नलाई सोच्नुहोस्। निर्णय गर्नुपर्ने बिषयबस्तु त यो हुनेछः स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने सनातन सृष्टिकर्ता परमेश्वरलाई हामीले पुज्ने कि (प्रकाश १४:७) वा इसाई भनाउँदाहरू नै किन नहुन् पशुको पछि लागेर परमेश्वरको प्रतिद्वन्दी पशुलाई नै पुज्ने? सृष्टि जतिकै साबथ सबभन्दा पुरानो छ भनेर बाइबलले सिकाउँदछ (उत्पत्ति २:२,३)। येशू ख्रीष्टद्वारा स्वर्ग र पृथ्वीलाई परमेश्वरले नै सृष्टि गर्नुभएको हो भनेर प्रमाणित गर्ने आधारशीला साबथ नै हो। युगको अन्तमा हुने शङ्कटमा कुन भगवान वा परमेश्वरलाई पुज्ने भनेर रोज्न दश आज्ञाहरूमा (प्रकाश १४:१२) एक आज्ञा साबथ नै हुनेछ भन्ने आत्मज्ञानले हामीलाई के सिकाउँदछ?

# कथा १०

# सुँगुर वा बँदेलको मासुले ल्याएको दुःख

## जिलसन निटो, २९, साओ टेमो र प्रिन्सिपे

म १७ वर्षको हुँदा एक जना छिमेकीले मलाई सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको बारेमा सुनाएको थियो। मलाई सुँगुर र बँदेलको मासु खान मनपर्ने भएकोले छिमेकीको कुराको मैले वास्ता गरिँन।

अनि एक दिन मलाई कसैले म रहेको साओ टेमोको अर्को गाउँमा हुने सुसाचारीय कार्यक्रममा भाग लिन मलाई निम्तो दियो। त्यस कार्यक्रममा म प्रत्येक दिन गएँ र एडभेन्टिस्ट चर्चको बारेमा अझ जानकारी लिन मैले मेरो नाउँ र ठेगाना त्यस कार्यक्रमको आयोजकलाई दिएँ।

मैले थाहा पाउनु अघि नै मेरो छिमेकीले मलाई उसको चर्चमा मेरो नाउँ आएको र अर्को साबथमा ऊसँगै जान आग्रह गर्‍यो। “त्यहाँ गएर तिमीले अझ धेरै कुराहरू सिक्नेछौं" भनेर मलाई भन्यो। म अत्यन्त चकित भएँ "होइन, मैले त अर्कै गाउँमा मेरो नाउँ दिएको थिएँ। तिम्रो चर्चमा मेरो नाउँ कसरी आयो?"

म घर निर्माणको मजदुर भएकोले म ऊसँग शनिबार चर्च गइँन। किनभने मैले शनिबार पनि काम गर्नुपर्दथ्यो।

जब मेरो छिमेकीले म चर्च नगएको थाहा पायो तब सँगसँगै मिलेर बेलुका बाइबल पढौं भनेर उसले सुझाव दियो। केही हप्ताको बाइबल अध्ययन गरेपछि दिनको ज्याला गुमाएर भतापनि साबथमा चर्च जाने मैले निर्णय गरें। जब म चर्चमा गएँ त्यहाँ मेरो धेरै छिमेकीहरूलाई देखें र मलाई देखेर तिनीहरू धेरै खुशी भए।

तर मलाई समस्या भयो। मैले हरेक शनिबार चर्चमा जान छुट्टी लिन सकिँन। जब म चर्च नगइ काममा गइरहेको बेलामा मेरा चर्च जाने सबै छिमेकीहरूले म कहाँ गइरहेकोछु भनेर सोध्न थाले। अर्को साबथ कसैले नदेखोस भनेर लामो बाटो भएर काममा गएँ तर त्यहाँ पनि एक जना छिमेकीले मलाई कहाँ गइरहेको? भनेर सोधेको थियो। "म कपाल काट्न हिडेको" भनेर मैले छिमेकीलाई झुक्याएँ। तर त्यस दिनभरि मेरो विवेकले मलाई घचघच्याइरह्यो। काम सकेपछि फेरि लामो बाटो भएर घर फर्किदै थिएँ। त्यहाँ पनि चर्चमा जाने विश्वासी छिमेकीहरूलाई भेटें जो चर्चबाट घर

फर्किंदै थिए। "तपाईं किन चर्चमा आउनुभएन?" भनेर तिनीहरूले मलाई सोधे। म काममा गएको थिए भनेर मैले सत्यलाई स्वीकारें। त्यस दिनदेखि शनिबार काम गर्न छोडें जसले गर्दा मैले मेरो जागिर गुमाउनुपर्‍यो।

मेरो घरको कुनै पनि परिवार एडभेन्टिस्ट थिएनन् त्यसैले मैले काम छोडेकोले मसँग सबै रिसाए। मेरी आमाले सुँगुरको मासु मिसाएर खाना पकाउनुहुन्थ्यो तर मलाई त्यो मन परिरहेको थिएन। धेरै पल्ट म भोकै सुत्न गएँ। एक दिन आमाले मलाई सोध्नुभयो "सुँगुरको मासु नखाने चर्चमा तिमी किन गइरहेका छौ?" "तिमीले शनिबार किन काम गर्दैनौ" मेरो बुबाले केरकार गरेर सोध्नुभयो। मेरा सात जना दाजुभाइहरू चुपचाप लागेर मेरो अवस्थालाई हेरिरहे। नौ महिना पछि मैले बप्तिस्मा लिएँ। नयाँ चर्चका सदस्यहरूको निम्ति पास्टरले स्वागतको प्रवचन दिएका थिए। त्यसबेला एक महिलाले मलाई भनिन् कि हामीहरूको आत्मिक चुनौतिहरू अब हामीले खप्नुपर्नेछ। छक्क पर्दै मैले भनें "यो भन्दा अरू चुनौति के होला र? मैले धेरै चुनौतिहरू खपिरहेको छु।"

ती महिलाले सत्य कुरो बोलेकी थिइन्। जब मेरा बाबुआमाले मैले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिएँ भनेर खबर गरें तब तिनीहरूले मलाई घरबाट निकालि दिए। म रोएँ म कहाँ जाने मलाई थाहा थिएन। दुई महिना सम्म तिनीहरू उठ्नुभन्दा अघि र सुतेपछि म घरमा सुत्न जान्थें।

मसँग बप्तिस्मा लिने महिलाले मलाई खाना दिइन्। म दिनभरी कामको खोजीमा हिंडडुल गरिरहें तर केही काम पनि पाइँन। म रोएँ र प्रार्थना गरें "प्रभु मलाई विश्वासमा दरिलो बनाउनुहोस् र मलाई काम गर्न बाटो खोलिदिनुहोस्।"

केही समयपछि ताइवानको एक कृषी कम्पनीले मलाई तिनीहरूको एउटा आयोजनामा सहयोग गर्न काम दियो। त्यहाँबाट मैले तलब पाएँ र मेरा बाबुआमालाई दिएँ। मेरो पैसा पाएपछि तिनीहरू खुशी भए र तिनीहरू मसँग रिसाउन छोडे।

अनि परमेश्वरले एकदमै अचम्मको काम गर्नुभयो। मेरा पाँच जना दाजुभाइहरू पनि सेभेन्थ-डे एडभेन्टिस्ट भए र मेरा दुई जना भतिजाहरूले पनि बप्तिस्मा लिए। मेरा परिवारका १० सदस्यहरू चर्चमा समावेस भए। पक्षघात हुनुभन्दा केही समय अघि मेरो बुबा पनि केही समय चर्चमा आउनुभएको थियो।

आज म साओ टेमोमा रहेको एडभेन्टिस्ट स्कूलमा काम गर्दछु। म विद्यार्थीहरूलाई खेतबारीमा कसरी काम गर्ने भनेर सिकाउँदछु।

म अहिले विवाहित भएको छु। जुन महिलाले मलाई मेरो अन्धकारको समयमा मलाई खाना दिएकी थिइन् उनको एक जना बहिनी थिइन्। त्यस महिलाले उनलाई चर्चमा लैजान मलाई अऱ्हाउँथिन्। ती महिला अन्तै सरे पनि उनकी बहिनीलाई चर्चमा लगिरहन मलाई अनुरोध गरेकी थिइन्। त्यस बहिनीले बप्तिस्मा लिइन् र अहिले उनी मेरी श्रीमती भएकी छिन् र हामीहरूको एक छोरी भएको छ।

बाइबलको एक पद म सधैं याद गर्दछु। त्यसले गर्दा मलाई परमेश्वरका अडिग हुन प्रेरणा मिलेको थियो। त्यो भजन १२५:१मा छ "जो परमेश्वरमाथि भरोसा राख्दछ त्यो सियोन पहाड जस्तै हुन्छ। उसलाई कसैले पनि हल्लाउन सक्दैन। ऊ सधैं स्थिर रहन्छ" (रूपान्तरित)।

हो, जो परमेश्वरमा भरोसा राख्दछ त्यो सियोनको पहाड जस्तै हुन्छ र सधैं स्थिर रहन्छ।

(यस त्रैमासिक भेटीको केही भाग साओ टेमोमा सभाघर बनाउन सहयोग मिल्नेछ)

***-जिलसन नेटोले आन्द्र्यु मेकचेस्नेलाई दिइको अन्तरवार्ताको आधारमा***